# मध्यविन्दु नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
चोरमारा, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल
२०७३

नारायण प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

प्रथम पटक प्रकाशित मिति २०७७/०८/११

सूचना दरभाउ पत्र नं. NP-DOCR-183661-RFQ
आ.व. २०७७/०७८ को व्यक्तिगत घटना दर्ता डिजीटाइजेशन गर्ने सम्बन्धि
सिलबन्दी दरभाउ-पत्रको १५ दिने सूचना

यस कार्यालयका वडा नं. १-१५ का सबै व्यक्तिगत घटना दर्ताहरु वि.सं. २०३४ साल देखि हाल सम्म अनलाईन हुन बाँकी भएका वडाहरुको समेत यस आ.वं. २०७७/०७८ मा सेवा प्रदायक छनौट गरी सोका आधारमा व्यक्तिगत घटना दर्ता Digitization गर्नु पर्ने भएकोले रीत पुगेका सेवा प्रदायक संस्था वा फर्म वा कम्पनी मार्फत आजका मितिले १५ दिन कार्यालयको समय भित्र रित पूर्वक सिलबन्दी दरभाउ-पत्र पेश गर्नु हुन यो जानकारी गराइएको छ। अन्य विस्तृत विवरण यस कार्यालयको वेवसाइट www.madhyabindumun.gov.np मा प्रकाशित गरि कार्यालयको सूचना पाटीमा समेत टाँस गरिएको छ।

**शर्तहरु**

१) सिलबन्दी दरभाउ-पत्र पेश गर्न इच्छुक फर्म/सेवा प्रदायक संस्था/कम्पनीको नविकरण भएको प्रमाण-पत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण-पत्र, आ.व. ०७५/०७६ को कर चुक्ता प्रमाण-पत्र, वा म्याद थप भएको प्रमाण-पत्र र नेपाली नागरिकताको प्रमाण-पत्रको प्रमाणीत प्रतिलिपिहरु संलग्न गरी सिलबन्दी साथ पेश गर्न पर्नेछ।

२) यस कार्यालय अर्न्तगत १-१५ वडा कार्यालयका उल्लिखित पञ्जिकरण ढड्डाहरुमा करिब ७५,००० व्यक्तिको अनलाइन डाटा इन्ट्रि गर्नु पर्नेछ। यसमा A3 साइजको करीब १० हजार पानाहरु Scan गरी upload गर्नुपर्ने छ।

३) दरभाउ पत्र फारम र Specification कार्यालय समय भित्र रु १०००।- (पछि फिर्ता नहुने गरी ) दस्तुर तिरी वा राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय कावासोतीमा रहेको न.पा. आन्तरिक राजश्व खाता न. ३२००१००३०१०१०००४ मा जम्मा गरेको सक्कल भौचर पेश गरी पञ्जिकरण शाखाबाट कार्यालय समयमा खरिद गर्न सकिने छ।

नारायण प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

४) दरभाउ पत्र फारम प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ दिनको कार्यालय समयमा खरिद गरी सक्नुपर्ने छ । दरभाउ-पत्र १६ औ दिनको १२:०० बजे भित्र कार्यालयमा पेश गरी सक्नुपर्ने छ । दरभाउ-पत्र को १६ औं दिनको २:०० बजे खोलिने हुँदा सो समयमा दरभाउ-पत्र दाता वा निजले तोकेको प्रतिनिधि उपस्थित हुनु पर्ने छ, उपस्थित नभएमा पनि दरभाउ-पत्र खोल्न बाधा पर्ने छैन् ।

५) दरभाउ-पत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा लगतै कार्यालय खुलेको दिन सोही समयमा काम हुने छ ।

६) दरभाउ पत्र दाताले दरभाउ पत्र पेश गर्दा रकम रु २०,०००।- यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक स्थित धरौटी खाता हिसाब नं. ३२००१००३०३००००४ मा नगदै जम्मा गरेको रसिद वा सो रकम बराबरको ७५ दिन म्याद भएको "क" वर्गको वाणिज्य बैंक को जमानत पत्र पेश गर्नु पर्नेछ ।

७) छनौट हुने दरभाउ-पत्र दाताले सम्झौटा गरेको ठेक्का अंक रकमको सार्वजनिक खरिद नियमावली २०६३ बमोजिम हुन आउने रकम बराबर नगदै वा नेपाल राष्ट्र बैंक बाट स्विकृत प्राप्त "क" बर्गको वाणिज्य बैंक द्वारा ठेक्का अवधि सम्मका लागि जारी गरिएको Performance Bond पेश गरे पछि मात्र सम्झौता गराई खरिद सम्झौता गराई कार्यादेश दिइने छ ।

८) दरभाउ-पत्रमा ठेक्का अंक उल्लेख गर्दा अंक र अक्षर दुवैमा स्पष्ट लेखेको हुनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ ।

९) यस कार्यालयबाट प्रमाणित नगरी बिकी भएको, म्याद नाघी आएको दरभाउ-पत्र माथि कुनै कारबाही हुने छैन ।

१०) यस शर्तमा लेखिएका कुराहरु यसै बमोजिम र छुटेका कुराहरु दरभाउ-पत्र फारममा उल्लिखित शर्तहरु, एवं प्रचलित कानून बमोजिम हुनेछ ।

११) दरभाउ-पत्र स्विकृत गर्ने वा नगर्ने सर्वाधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । यस सम्बन्धि कुनै कुरा बुझ्न चाहेमा कार्यालय समय भित्र पञ्जिकरण शाखामा सम्पर्क राख्न सकिनेछ ।

१२) यस सूचना अनुसार दरभाउ-पत्र दाताले राम्रो संग बुझि दरभाउ-पत्र पेश गरेको मानिने छ ।

१३) काम सम्पन्न गर्नुपर्ने अवधि २०७७ फाल्गुन मसान्तसम्म सम्पन्न गरी सक्नुपर्ने छ ।

१४) सेवा प्रदायकले सेवा उपलब्ध गराउदा अनिवार्य रुपमा जुन सुकै विषयमा स्नातक उत्तिर्ण व्यक्ति, कम्तिमा ५ वर्ष डाटा इन्ट्रि, स्क्यानिङ्ग र डाटा व्यवस्थापनमा अनुभव भएको डाटा हेर्ने सुपरभाइजर अनिवार्य रुपमा उपलब्ध गराउन सक्छु भनि सम्बन्धित व्यक्तिको कबुलियत नामा सहित कागज पेश गर्नुपर्ने छ । साथै डाटा इन्ट्रि अपरेटरको लागि कम्तिमा प्लस २ उत्तिर्ण गरेको, कम्तिमा ६ महिना कम्प्युटर तालिम लिएको, ६ महिना काम गरेको अनुभव प्राप्त प्रमाण पत्र सहित सम्बन्धित जनशक्ति व्यक्तिले सेवाप्रदायकको फर्ममा उल्लिखित कार्यविवरण अनुसार काम गर्न कबुलियत गरेको कागज अनिवार्य रुपमा पेश गरेमा मात्र सम्बन्धित सेवा प्रदायक कम्पनी/फर्मको प्रस्ताव मूल्याङ्कनको लागि योग्य भएको मानिने छ ।

१५) रित पुगेको दरभाउ पत्र प्रस्तावहरु मध्ये न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही प्रस्ताव मात्र स्वीकृतीको लागि छनौट गरिने छ ।

नारायण प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

१६) छनौंट भएको सेवा प्रदायक संस्थाले प्रिन्टर, स्क्यानार लगायतका आवश्यक Equipment हरु आफै व्यवस्थापन गर्नुपर्ने छ । साथै सेवा प्रदायक संस्थाले संलग्न Specification अनुसारको कार्यविवरण तोकिएको समयमा सम्पन्न गर्नु पर्ने छ अन्यथा सम्बन्धित फर्मको Proformence bond जफत् गर्न सकिने छ ।

१७) सेवा प्रदायकले Specification अनुसारको कार्य सम्पन्न गर्दा कार्यालयका कम्प्युटर इन्जिनियर, एम.आइ.एस. अपरेटर र फिल्ड सहायक को प्रत्यक्ष निर्देशन र नियन्त्रणमा रही काम गर्नु पर्ने छ ।

१८) यस सूचनामा छुटेका कुराहरु खरिद सम्झौताको शर्त बमोजिम हुने छन् ।

१९) दरभाउपत्र दाताले प्रस्ताव पेश गर्दा कार्यालयले उपलब्ध गराएको BOQ र संलग्न Specification को अधिनमा रही दररेट भरी पेश गर्नु पर्नेछ, अन्यथा मान्यता हुने छैन ।

२०) बजेट रकम ६,३५,००० भ्याट र ओभरएड खर्च समेत स्विकृत भएको छ ।

२१) व्यवस्थापकिय खर्चको लागि तोकिए बमोजिमको व्यवस्थापन खर्च सम्बन्धित पक्षलाई उपलब्ध गराइने छ ।

२२) दरभाउ-पत्रको Pre-bid meeting को लागि सूचना प्रकाशित भएको मितिले १३ औं दिन दिनको १:०० बजे नगर कार्यपालिकाको कार्यालयमा हुनेछ । सबै प्रस्तावदाता सो दिन उपस्थितीका लागि आव्हान गरिन्छ । त्यस दिन बिदा परेमा लगतै कार्यालय खुलेको समयमा सोही तोकिए अनुसार Pre-bid meeting हुनेछ । Pre-bid meeting को मिति २०७७/०८/२३ गते उल्लिखित समय र स्थानमा हुनेछ ।

नारायण प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत